लोक सेवा आयोग

कृषि विकास बैंक लिमिटेड, प्रशासन, प्रशासन पाँचौ, व्यवसाय सहायक

पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७६।११।०३

पत्र : द्वितीय　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　पूर्णाङ्क :१००

समय : २ घण्टा ३० मिनेट

विषय : सेवा सम्बन्धी

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

## खण्ड "क"　　　　　　　　　　　　　　　　　　　　　　　　　　　५० अङ्क

१. असल वित्तीय सुशासन कायम गर्न व्यवस्थापन सूचना प्रणालीको के भूमिका रहन्छ ? ५
What is the role of Management Information System to maintain good financial governance? 5

२. कार्यालय सञ्चालनमा चिठ्ठीपत्रको महत्त्व र यसका प्रमुख विषयहरु लेख्नुहोस्। ५
Write down the importance of letter in office operation and its major headings. 5

३. कर्मचारीहरूको कार्यसम्पादन मुल्याङ्कनका मुख्य उद्देश्यहरू र आधारहरू प्रष्ठ पार्नुहोस् ? ५
Clarify the main objectives and bases of performance appraisal of employees. 5

४. बेस रेट भनेको के हो ? बेस रेट गणना गर्न नेपाल राष्ट्र बैकद्वारा कस्तो सूत्र बनाइएको छ ? वर्णन गर्नुहोस्। ५
What is meant by Base Rate ? What formula has been prepared by Nepal Rastra Bank to calculate the Base Rate ? Mention 5

५. कृषि विकास बैंक कति प्रकारका निक्षेप छन् ? सविस्तार लेख्नुहोस्। ५
How many types of Deposit are there in Agriculture Development Bank? Explain in detail. 5

६. नेपालको पूँजी बजारमा देखिएका प्रमुख समस्याहरूको वर्णन गर्नुहोस्। ५
Explain the main problems of capital market of Nepal. 5

७. Capital Budgeting decision को परिचय दिनुहोस्। यसका विशेषताहरू तथा महत्त्वबारे व्याख्या गर्नुहोस्। १०
Give an introduction of capital budgeting decision, explain about its features and importance. 10

८. कृषि विकास बैंक प्रभावकारी मान संशाधन विकास योजनाका लागि के कस्ता सुधारहरू गरिनुपर्छ ? सुझाव दिनुहोस्। १०
What type of reforms are required for effective Human Resource Development Plan in Agriculture Development Bank ? 10

९. बैकहरू सन्दर्भमा जोखिम भन्नाले के बुझिन्छ ? जोखिम न्यूनीकरण गर्न नेपाल राष्ट्र बैकले जारी गरेको निर्देशनहरूको व्याख्या गर्नुहोस्। ५
In reference to banks, what is meant by risk ? Explain the directives issued by Nepal Rastra Bank to minimize the risk. 5

१०. नेपाल राष्ट्र बैकले बैकिङ्ग क्षेत्रको कर्जालाई कति वर्गमा वर्गीकरण गरेको छ ? वर्णन गर्नुहोस्। ५
In how many categories has Nepal Rastra Bank classified banking sector's loan Describe. 5

११. अन्तर बैंक कारोबारको महत्त्व, मुख्य जोखिमहरू र चुनौतीहरू उल्लेख गर्नुहोस्। ५
Elaborate the importance, kanor riskes and challenges of Inter Bank Transactions. 5

१२. वित्तीय विवरणका विशेषता के के हुन् ? बैकिङ्ग क्षेत्रमा वित्तीय विवरणहरूको विश्लेषण किन महत्त्वपूर्ण हुन्छ ? चर्चा गर्नुहोस्। ५
What are the features of financial statement? Why is analysis of financial statements crucial in banking sector? Discuss. 5

१३. ग्राहक परिचान (KYC) लाई परिभाषित गर्दै बैकिङ्ग क्षेत्रमा यसको महत्वमाथि प्रकाश पार्नुहोस्। ५

Defining Know Your Customers (KYC), highlight its importance in banking sector. 5

१४. संस्थागत सुशासन भन्नाले के बुझ्नुहुन्छ ? संस्थागत सुशासनका सिद्धान्तहरू उल्लेख गर्नुहोस्। ५

What do you mean by coporate governance? Elaborate the principles of corporate governance. 5

१५. बैकिङ्ग व्यवसायमा ग्राहक सम्बन्ध व्यवस्थापन (CRM) को कार्यहरू लेख्नुहोस्। परम्परागत बजारीकरण भन्दा CRM किन सान्दर्भिक छ ? चर्चा गर्नुहोस्। ५ + ५ = १०

Write down the functions of Customer Relationship Management (CRM) in banking business. Why is CRM more relevant than traditional marketing? Discuss. 5 + 5 = 10

१६. नगद कारोवारहरूलाई क मगर्न के कस्ता प्रविधिहरू प्रयोग भैरहेको छ ? उदाहरणसहित स्पष्ट पार्नुहोस्। यस्ता प्रविधिहरूको प्रयोगबाट कस्तो प्रकारका जोखिमहरू उत्पन्न हुन सक्दछन् ? वर्णन गर्नुहोस्। ५+ ५=१०

What type of technologies are being used to minimize cash transactions ? Clarify with examples. What kinds of risks can be resulted from the application by such technologies? state. 5 + 5 = 10.

❑❑❑

लोक सेवा आयोग

कृषि विकास बैंक लिमिटेड, प्रशासन, प्रशासन पाँचौ, कार्यालय सहायक पदको आन्तरिक

प्रतियोगितात्मक लिखित परीक्षा

२०७६।१०।१६

पत्र : द्वितिय | पूर्णाङ्क :१००

समय : २ घण्टा ३० मिनेट

विषय : सामान्य ज्ञान, कानून तथा आर्थिक सम्वन्धी

उत्तरपुस्तिकामा प्रश्नपत्रको KEY अनिवार्य रूपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा Calculator, Mobile प्रयोग गर्न पाइने छैन।

खण्ड "क" | ५० अङ्क

वस्तुगत बहुउत्तर

१. नेपाल राष्ट्र बैक संचालक समितिको अध्यक्ष को हुन्छ ?
   A) अर्थ मन्त्री  B) अर्थ सचिव
   C) गभर्नर  D) नेपाल बैङ्क एसोसिएसनको अध्यक्ष

२. नेपाल राष्ट्र बैंकले प्रत्येक आर्थिक वर्षमा आफ्नो आय विवरण तयार गर्दा नेपाल लेखामानमा समावेश नभएका क्षेत्रहरूको हकमा कुनलाई आधारको रूपमा लिई तयार गर्नुपर्दछ ?
   A) dxfnlेखा परीक्षकले तोके बमोजिम  B) नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्था ऐन बमोजिम
   C) बैक संचालक समितिको निर्णय बमोजिम  D) अन्तर्राष्ट्रिय लेखा मापदण्डको आधार बमोजिम

३. नेपालको संविधान बमोजिम अन्तर-प्रदेश परिषद्को अध्यक्ष को रहने व्यवस्था छ ?
   A) मुख्य मन्त्री  B) रक्षा मन्त्री  C) गृह मन्त्री  D) प्रधानमन्त्री

४. नेपाल संविधान अनुसार धितोपत्र देहायका मध्ये कसको अधिकार सूचीभित्र पर्दछ ?
   A) संघ  B) प्रदेश  C) संघ र प्रदेश दुवै  D) स्थानीय तह

५. नेपाल संविधान अनुसार प्रधानन्यायाधीसको पदावधि कति हुन्छ ?
   A) ४ वर्ष  B) ६ वर्ष  C) ३ वर्ष  D) ५ वर्ष

६. संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय कुन सिद्धान्तमा आधारित हुन्छ ?
   A) सहकारिता, सह-अस्तित्व र समन्वय  B) सहकारिता, सहयोग र समन्वय
   C) सहकार्य सहयोग र सद्भाव  D) शान्ति, समन्वय र सह-अस्तित्व

७. नितान्त भिन्नै प्रकृतिका दुई अलग अलग संस्था एक आपसमा गाभिने निर्णय भएमा के भनिन्छ ?
   A) Horizontal merger  B) Vertical merger
   C) Acquisition  D) Congiomeration

८. बैक तथा वित्तीय संस्थाले आफ्नो कूल जारी पूँजीको कति प्रतिशत शेयर सर्वसाधारणलाई विक्री वितरण गर्नको लागि छुट्याउनुपर्ने प्रावधान छ ?
   A) कम्तीमा २० प्रतिशत  B) कम्तीमा ३० प्रतिशत
   C) कम्तीमा २५ प्रतिशत  D) कम्तीमा ४० प्रतिशत

९. "ख" वर्गको बैक तथा वित्तीय संस्था भन्नाले कस्तो संस्था बुझिन्छ ?
   A) वाणिज्य बैंक  B) वित्त कम्पनी  C) विकास बैक  D) सहकारी संस्था

१०. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक तथा वित्तीय संस्थाले धितोपत्रको सार्वजनिक निष्काशन गर्नु अगावै विवरण पत्र दर्ता गर्ने सम्वन्धमा कुन निकायबाट स्वीकृति लिनुं पर्दछ ?

A) धितोपत्र बोर्ड
B) निक्षेप तथा कर्जा सुरक्षण कोष
C) नेपाल स्टक एक्सचेन्ज लिमिटेड
D) सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड

११. सम्पति शुद्धीकरण भन्नाले के बुझिन्छ ?

A) स्वदेशी पूँजी विदेशमा लगानी गर्ने प्रयास
B) बैदेशिक लगानीलाई वैधता प्रदान गर्ने प्रयास
C) अवैध सम्पतिमाथिको स्वामित्व तोक्ने प्रयास
D) अवैध तवरले आर्जित आयलाई वैध बनाउने प्रयास

१२. तल दिइएका मध्ये BCBS को पूर्णरूप कुन हो ?

A) Basel Committee on Banking Supervision
B) Banking Committee on Basel Supervision
C) Basel Coordination Banking Supervision
D) Banking Coordination Board System

१३. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ बमोजिम पदपूर्ति समितिको अध्यक्ष को हुन्छ ?

A) महा-प्रवन्धक
B) वरिष्ठत्तम उप-महाप्रवन्धक
C) जनशक्ति व्यवस्थापन विभागको विभागीय प्रमुख
D) बैंक संचालक समितिले तोकेको मानव संशाधन विज्ञ

१४. कृषि विकास बैंकको कर्मचारु सेवा विनियमावली २०६२ अनुसार १०-१५ वर्ष सेवा अवधि पूरा गरेको कर्मचारीले आफूले कार्य गरेको प्रत्येक वर्षको निम्ति कति महिनाको खाइपाई आएको तलव उपदान वापत पाउँछ ?

A) १ महिना
B) २ महिना
C) १$\frac{१}{२}$ महिना
D) २$\frac{१}{२}$ महिना

१५. कृषि विकास बैक लिमिटेड कर्मचारी सेवा विनियमावली २०६२ अनुसार विदेशी नागरिकलाई करार सेवामा नियुक्ति दिई कामकाज गराउनु परेमा कसको स्वीकृति लिनुपर्ने हुन्छ ?

A) संचालक समिति र नेपाल राष्ट्र बैकको
B) पदपूर्ति समिति र संचालक समितिको
C) नेपाल सरकार र नेपाल राष्ट्र बैकको
D) नेपाल राष्ट्र बैक र परराष्ट्र मन्त्रालयको

१६. राधा पौडेललाई तलका मध्ये कुन कृतिको लागि वि.सं. २०७० सालको मदन पुरस्कार प्रदान गरिएको थियो ?

A) योगमाया
B) खलङ्गामा हमला
C) जीवन काँडा कि फूल
D) नथिया

१७. राणाकालमा राज्यको ढुकुटी सम्बन्धी काम गर्ने अड्डालाई के भनिन्थ्यो ?

A) मुन्सिखाना
B) मुलुकीखाना
C) मुलुकी अड्डा
D) कौशीतोषाखाना

१८. महेन्द्र राजमार्गले छुने नेपालको पहाडी जिल्ला कुन हो ?

A) स्याङ्गजा
B) पाल्पा
C) गुल्मी
D) अर्घाखाँची

१९. चालु आ.व.को मौद्रिक नीति अनुसार मूल्य स्थायित्व कायम गर्न उपभोक्ता, मुद्रास्फिति कति प्रतिशतको सिमाभित्र राख्ने लक्ष्य लिएको छ ?

A) ६५
B) ६०
C) ५८
D) ५५

२०. भादगाँउ कुन शहरको पुरानो नाम हो ?

A) काठमाडौं
B) ललितपुर
C) भक्तपुर
D) कीर्तिपुर

२१. सबैभन्दा धेरै जिल्लाहरू भएको प्रदेश कुन हो ?

A) गण्डकी B) प्रदेश नं.२ C) प्रदेश नं.१ D) कर्णाली

२२. मानव विकास सूचकाङ्क कसले प्रकाशन गर्दछ ?

A) UNDP B) IBRD C) EU D) ADB

२३. वि.सं. २०७४ सम्म मदन पुरस्कार पाउने महिलाको संख्या कति पुगेको छ ?

A) २ जना B) ३ जना C) ४ जना D) ५ जना

२४. नेपालको कुन ठाउँमा एभोकाडो सम्मेलन गरिएको थियो ?

A) धरान B) धनकुटा C) सुनसरी D) भोजपुर

२५. नेपाल राष्ट्र बैंक ऐन २०५८ अनुसार देहाय मध्ये राष्ट्र बैंकले गर्न नहुने काम कुन हो ?

A) कुनै किसिमको व्यापार गर्ने
B) विनिमय दर पद्धति निर्धारण गर्ने
C) विदेशी विनिमय नीति तर्जुमा गर्ने
D) मौद्रिक नीति तर्जुमा गर्ने

❑❑❑